स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको त्रैमासिक प्रकाशन

वर्ष ११, अङ्क १

(२०७८ पुस १७ गतेदेखि २०७८ चैत १७ गतेसम्म)

प्रदेश १ को

मानव अधिकार अवस्था विश्लेषण

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) प्रदेश १, कार्यालय विराटनगरले प्रदेशको मानव अधिकार अवस्थाको स्थितिका बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिक रूपमा स्थितिसूचक प्रकाशन गर्दै आएको छ । प्रदेशका १ का १४ ओटै जिल्लाका इन्सेक जिल्ला प्रतिनिधिहरूबाट सङ्कलन गरिएका घटनाहरूको आधारमा सन् २०२२ को जनवरी १ देखि मार्चसम्मका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको तथ्याङ्कसहित त्रैमासिक अवस्थाको विश्लेषण गरी यो स्थितिसूचक प्रकाशन गरिएको छ।

बितेको तीन महिनामा प्रदेश १ मा मानिसको बाँच्न पाउने सबै भन्दा ठूलो आधारभूत अधिकारबाट वञ्चित हुनु परेको छ। मोरङको लेटाङ नगरपालिका–५ खेरूवास्थित शिक्षा विकास माध्यमिक विद्यालयका शिक्षकले सोही विद्यालयमा अध्ययनरत बालिकालाई ०७८ चैत ४ गते यौन दुर्व्यवहार गरेको विषयमा विद्यालय प्रशासनले आरोपित शिक्षकलाई घटनाका विषयमा चैत ६ गते सोधपुछ गर्ने क्रममा भएको विवाद हिंसात्मक झडपमा परिणत हुँदा महिला प्रहरी जवान २६ वर्षीया उर्मिला श्रेष्ठको हत्या भयो । घटनापछि मोरङ प्रशासनले लेटाङ नगरपालिकाभित्रका केही क्षेत्रमा दुई दिन क र्यु लगाएर घटना साम्य पार्नु पर्ने अवस्था सिर्जना भयो । शिक्षा विकास माध्यमिक विद्यालयमा भएको तोडफोडले १५ दिन विद्यालय बन्द हुँदा बालबालिका शिक्षाको अधिकारबाट वञ्चित हुनु पऱ्यो । इन्सेकले घटनाको ०७८ चैत ८ गते स्थलगत अनुगमन गरी चैत १० गते विज्ञप्ति जारी गर्दै सबै पक्षसँग शिक्षाको अधिकार सुनिश्चित गर्न आग्रह गऱ्यो । सर्वपक्षीय सम्वादका माध्यमबाट चैत २० गतेदेखि विद्यालयमा पठनपाठन सुचारू भयो ।

१८ महिने बालिकाको बलात्कारपछि हत्या र १२ वर्षीया बालिका विद्यालयबाट घर फर्किने क्रममा बलात्कारपछि हत्या गरिएका घटनाले बितेको तीन महिनामा प्रदेश १ मा बाँच्न पाउने अधिकार हनन् भएको छ । यस अवधिमा इन्सेकले प्रदेश १ मा परिवारजनबाट महिलामाथि भएका हत्या, ज्येष्ठ नागरिकको हत्या, बोक्सीन्र आरोपमा गरिएको अमानवीय व्यवहारलगायतका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेखीकरण गऱ्यो ।

यस अवधिमा प्रदेश १ मा राजनीतिक अधिकार अन्तर्गत भएका विरोध कार्यक्रममा राज्यका

तर्फबाट भएको धरपकड, महिला र बालबालिकामाथिका शृङ्खलावद्ध यौनजन्य घटनाले प्रदेश १ को मानव अधिकारको अवस्थामा सुधार हुनुभन्दा कमजोर हुँदै गएको भन्न सकिने अवस्था सिर्जना भएको छ। महिला र बालबालिकाविरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि राज्यले पक्ष राष्ट्रका रूपमा गरेका अन्तर्राष्ट्रिय सन्धी सम्झौताको कार्यान्वयनको सवाल आगामी दिनमा सार्वजनिक बहसको विषय बन्न आवश्यक छ।

राज्यका तर्फबाट प्रदेशभित्र रहेका कारागारहरूको अनुगमन यस अवधिमा भएपनि राज्यका संयन्त्रले नै कारागार सुधारगृह भन्दा यातनागृहका रूपमा बढी परिचित भएको विश्लेषण गरिनुले प्रदेश १ मा बितेको तीन महिनाका मानव अधिकारको अवस्थामा सुधार भन्दा सङ्कुचित बढी भएको विश्लेषण गर्न सकिन्छ।

इन्सेकको अभिलेखका आधारमा ०७८ पुस १७ गतेदेखि चैत १७ गतेसम्मको अवधिमा प्रदेश १ मा राज्यपक्षबाट राजनीतिक आस्थाको आधारमा गिर तारीका घटनामा नौ जना पुरुष, घाइते चार जना पुरुष र हिरासत यातना घटनामा एक जना पुरुष गरी १४ जना पीडित भए । अन्यपक्षबाट कुटपिटका घटनामा तीन जना पुरुष, बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालक र ५५ जना बालिका पीडित भए। जसमा २१ जना बालिका बलात्कार र ३७ जना बालिका यौन दुर्व्यवहारका घटनामा पीडित भए । अमानवीय व्यवहार घटनामा दुई जना पुरुष, घाइते घटनामा चार जना महिला र १७ जना पुरुष गरी २१ जना, हत्या घटनामा आठ जना महिला र ६ जना पुरुष, महिला अधिकार उल्लङ्घनका घटनामा २६ जना महिला बलात्कार, १३ बलात्कार प्रयास, १८ यौन दुर्व्यवहार र ५२ जना महिला घरेलु हिंसा घटनामा पीडित भए। अन्यपक्ष र राज्य पक्षबाट तीन महिनाको अवधिमा २ सय २१ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएको तथ्याङ्कले देखाउँछ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा प्रदेश १ मा महिला, बालबालिका, ज्येष्ठ नागरिक अधिकारबाट यो अवधिमा वञ्चित हुनु परेको देखिन्छ।

मानव अधिकारको संरक्षणका एवम् सम्वर्द्धन गर्ने मुख्य दायित्व राज्यको हो। मानव अधिकारका सम्बन्धमा राज्यको सकारात्मक र नकारात्मक दुवै दायित्व रहेको हुन्छ। अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तर्गत मानव अधिकारको संरक्षण, सम्वर्द्धन र परिपूर्ति गर्ने राज्यको दायित्व भित्र पर्दछ। जस अन्तर्गत मानव अधिकार हनन् हुने अवस्थामा कुनै पनि प्रकृतिको क्रियाकलाप गर्नबाट राज्यका निकायहरू टाढा बस्नु वा समयमा मानव अधिकार उल्लङ्घन हुने घटना रोक्न नसक्नु पनि मानव अधिकार उल्लङ्घन नै हो। अतः यस विषयमा पनि राज्य जिम्मेवार भई आ नो दायित्व निर्वाह गर्नु पर्दछ। त्यस्तै कुनै पनि तेश्रो पक्ष माथि हुन सक्ने आक्रमण, ज्यादती तथा अन्य मानव अधिकार उल्लङ्घन (अपराधिक कार्य) हरू रोक्दै जनताको जीवन संरक्षण गर्ने पनि राज्यको दायित्व हो । पछिल्लो समयमा भएका कतिपय घटनामा यी विषयमा समयमै राज्यको ध्यान नपुगेको अवस्था
देखिन्छ।

सोमराज थापा
संयोजक

प्रदेश १ को मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

(२०७८ पुस १७ गतेदेखि २०७८ चैत १७ गतेसम्म)

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाच्न पाउने अधिकार

राज्यपक्षबाट

सुनसरी

धरान उपमहानगरपालिका-१८ का २२ वर्षीय विदुर राईलाई प्रहरीले ०७८ चैत १ गते हिरासतमा यातना दिएको आरोपमा पीडित पक्षले चैत २ गते राष्ट्रिय मानव अधिकार आयोग प्रदेश कार्यालय विराटनगरमा निवेदन दिएको आयोगकी प्रदेश प्रमुख नितु गड्तौलाले बताइन्। पीडितकी ४० वर्षीया सानी आमा बविता राईले चैत २ गते प्रहरीले हिरासतमा यातना दिएको आरोपमा राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दिएकी थिइन्। उजुरीपछि घटनाका विषयमा आयोगले चैत २ गते जिल्ला प्रहरी कार्यालय सुनसरीको ध्यानाकर्षण गरेको बताइन्। इलाका प्रहरी कार्यालय धरानका डिएसपी नरेन्द्र कुवँरले विदुर राईलाई अनुसन्धानका लागि चैत १ गते गिरफ्तार गरेको भएपनि हिरासतभित्र यातना नदिएको बताए। डिएसपी कुवँरले विदुर राईविरूद्ध कुटपिट गरेको आरोपमा धरान

घटनाका प्रकार अनुसार पीडित सङ्ख्या

(जनवरी–मार्च २०२२)

	राज्यपक्षबाट			अन्यपक्षबाट			कूल जम्म
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
गिरफ्तारी		९	९				९
घाइते		४	४	३	१८	२१	२५
कुटपिट					३	३	३
बाल अधिकार				५८		५८	५८
अमानवीय व्यवहार					२	२	२
हत्या				८	६	१४	१४
यातना		१	१				१
महिला अधिकार				१०९		१०९	१०९
जम्मा		१४	१४	१७८	२९	२०७	२२१

उपमहानगरपालिका-११ का २४ वर्षीय नविन गुरुङले ०७८ फागुन २७ गते इलाका प्रहरी कार्यालय धरानमा उजुरी दिएको बताए। आरोपित राईविरूद्ध प्रहरीमा कुटपिट र कर्तव्य ज्यान शीर्षकमा उजुरी परेको डिएसपी कुवँरले बताए। आपसी विवादका क्रममा फागुन २७ गते विदुर राईले कुटपिट गरेको नविन गुरुङको आरोप छ। पीडित गुरुङले आरोपित विदुर राईविरूद्ध फागुन २७ गते इलाका प्रहरी कार्यालय धरानमा उजुरी दिएको प्रहरीले जनायो। विदुर राईको कुटपिटबाट सामान्य घाइते भएका गुरुङको फागुन २७ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपामा उपचार भयो। सो घटनामा राष्ट्रिय मानव अधिकार प्रदेश १ प्रमुख नितु गड्तौलाले चैत १० गते पीडितसँग हिरासतमा भेट गरी सोधपुछ गर्दा प्रहरीले यातना नदिएको बताए।

गिरफ्तारी

खोटाङ

अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) को विरोधमा ०७८ फागुन ४ गते आह्वान गरिएको नेपाल बन्दका क्रममा खोटाङ मध्यपहाडी लोकमार्गमा अन्तर्गत दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ स्थित दिक्तेल बजारमा यातायात बन्द गराएको आरोपमा प्रहरीले दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ निवासी मोहन वैद्य नेतृत्वको नेकपा क्रान्तिकारीका जिल्ला सेक्रेटरी ५७ वर्षीय झमप्रसाद आचार्य, हलेसी तुवाचुङ नगरपालिका-२ निवासी नेत्रविक्रम चन्द (विप्लव) का सचिवालय सदस्य ३१ वर्षीय सुदीप शर्मा, दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-७ सोही पार्टीका कार्यर्ताहरू २२ वर्षीय कमल थापा, दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१४ का १९ वर्षीय सङ्गम राई र हलेसी तुवाचुङ नगरपालिका-८ का १९ वर्षीय अजय चाम्लिङलाई फागुन ४ गते गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेका सबैलाई फागुन ४ गते साँझ रिहा गरेको जिल्ला प्रहरी कार्यालय खोटाका डिएसपी उमेश लम्सालले बताए।

उदयपुर

राजनीतिक भेटघाटका लागि गृह जिल्ला उदयपुर आएको अवस्थामा परराष्ट्र मन्त्री डाक्टर नारायण खड्कालाई त्रियुगा नगरपालिका-१० गाईघाटमा २०७८ माघ २० गते कालो झण्डा देखाएको आरोपमा प्रहरीले अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन(अनेरास्वियू) जिल्ला अध्यक्ष त्रियुगा नगरपालिका-१० का २५ वर्षीय भुवन दाहाल, त्रियुगा नगरपालिका-४ बगाहका २६ वर्षीय अश्विन कार्की र कटारी नगरपालिका-३ का २९ वर्षीय मनोज तामाङलाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यलयका डिएसपी बेदप्रसाद गौतमले बताए। आरोपित तीनै जनालाई त्रियुगा नगरपालिका-१० गाइघाटबाट अनुसन्धानका लागि गिरफ्तार गरेको प्रहरीले जनायो। विद्यार्थी नेता गिरफ्तारीमा परेपछि अनेरास्वियूका जिल्ला सहसंयोजक प्रवेश ठकुरी, युवा नेता सुरेन्द्र बस्नेतलगायतले सोही दिन रिहाइको माग गरे। गिरफ्तारीमा परेकाहरूका तीनै जनालाई नै गिरफ्तार गरेको ९ घन्टा पछि माघ २० गते बेलुका ५ बजे बिना सर्त रिहा गरेको डिएसपी वेदप्रसाद गौतमले बताए।

चौदण्डीगढी नगरपालिकाको नव निर्मित प्रशासनिक भवन उद्घघाटनका ०७८ माघ २२ गते उदयपुर आएका परराष्ट्र मन्त्री डाक्टर नारायण खड्कालाई चौदण्डीगढी नगरपालिका-७ बेल्टारमा कालो झण्डा देखाएको आरोपमा प्रहरीले नेकपा एमाले चौदण्डीगढी नगर सचिव, चौदण्डीगढी नगरपालिका-७ का ३४ वर्षीय विकास बञ्जरा, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन(अनेरास्वियू) जिल्ला अध्यक्ष, त्रियुगा नगरपालिका-१० का २५ वर्षीय भुवन दाहाल, चौदण्डीगढी नगरपालिका-४ का ३१ वर्षीय महेश राई, २९ वर्षीय निराजन बञ्जरा, चौदण्डीगढी नगरपालिका-६ का २७ वर्षीय मिलन रिजाल र ५२ वर्षीय अर्जुन कोइरालालाई मन्त्रीलाई कालो झण्डा देखाएको आरोपमा गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय बेल्टारका इन्स्पेक्टर छिञ्जो भोटेले बताए। गिरफ्तारीमा परेकाहरूलाई माघ २२ गते दिउँसो ४ बजे बिना सर्त रिहाई गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी वेदप्रसाद गौतमले बताए।

नेपाल कम्युनिष्ट पार्टी लगायतका ६ ओटा राजनीतिक दलले ०७८ फागुन ४ गते आह्वान गरेको नेपाल बन्द गराउँदै हिँडेको आरोपमा प्रहरीले अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य, त्रियुगा नगरपालिका-११ का २३ वर्षीय हरि विष्टलाई कटारी नगरपालिका-१० पीपल चोकबाट फागुन ४ गते गिरफ्तार गऱ्यो। आरोपितले गाडीहरू बन्द गराउने थालेपछि प्रहरीले पिपलचोकबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी सुबासचन्द्र बोहोराले बताए। गिरफ्तारीमा परेका विष्टमा फागुन ४ गते साँझ रिहा गरेको प्रहरीले जनायो।

झडप

मोरङ

१२ वर्षीय बालिकालाई ०७८ चैत ४ गते यौन

दुर्व्यवहार गरेको भन्दै लेटाङ नगरपालिका-५ खेरुवा स्थित शिक्षा विकास माध्यामिक विद्यालयका शिक्षक ५६ वर्षीय मनोज पौडेलविरुद्ध कारबाही अगाडि बढाउनु पर्ने माग गर्दै चैत ६ गते विद्यालय परिसरमा विद्यार्थी र अभिभावकले प्रदर्शन गर्दा प्रहरीसँगको झडपमा प्रहरीको लाठी प्रहारबाट लेटाङ नगरपालिका -४ का २२ वर्षीय मिलन खड्का, सोही नगरपालिका-८ का २२ वर्षीय रुपेश लिम्बु, सोही नगरपालिका -४ का ३२ वर्षीय रुपेश खड्का, सोही नगरपालिका -५का ४५ वर्षीय लोकबहादुर सुवेदी घाइते भए। करङमा चोट लागेका रुपेश र मिलनको विराटनगर महानगरपालिका-४ स्थित नोवेल अस्पतालमा उपचार भयो। अन्य घाइतेको लेटाङ नगरपालिका-४ स्थित लेटाङ स्थित लेटाङ सामुदायिक अस्पतालमा उपचार भयो। आरोपित शिक्षकलाई प्रहरीले चैत ६ गते शिक्षा विकास माध्यमिक विद्यालय परिसरबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध चैत ६ गते इलाका प्रहरी कार्यालय लेटाङमा पीडित पक्षबाट यौन दुर्व्यवहार शीर्षकमा उजुरी पऱ्यो। आन्दोलनका क्रममा स्थानीय र प्रहरीबिच झडप हुँदा लेटाङ नगरपालिका-६ मा खटिएका जिल्ला प्रहरी कार्यालय मोरङका एसपी जनार्दन जिसीसहित १९ जना प्रहरी घाइते भए। एसपी जिसीको गोडामा चोट लाग्यो। झडपमा एसपी जिसीका बडिगार्ड प्रहरी हवल्दार २८ वर्षीय मेघचन्द्र राई, प्रदेश सशस्त्र प्रहरी गण रानी विराटनगरबाट खटिएका प्रहरी हल्वदार ३८ वर्षीय कृष्णकुमार यादव, ३६ वर्षीय उमेश वरही, ३६ वर्षीया सङ्गीता प्रसाई, ३९ वर्षीय सञ्जय यादव, इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएका प्रहरी हवल्दार ३९ वर्षीय खुबी साँवा, २१ वर्षीय प्रहरी जवान जाबुक खड्का, २५ वर्षीय लाल मिश्रा, २६ वर्षीय सञ्जय भुजेल, २४ वर्षीय बिमल धिमाल र २१ वर्षीय दिपककुमार यादव, इलाका प्रहरी कार्यालय लेटाङकाबाट खटिएका प्रहरी हल्वदारहरू ३८ वर्षीय सन्तबहादुर मगर, ३५ वर्षीय मिक्वा योङहाङ, ४१ वर्षीय शिवकुमार यादव, ३८ वर्षीय रेनुका सोनाम, ३६ वर्षीय दिपेश राय, ३१ वर्षीया मनिता राई र ४० वर्षीय धुब्रबहादुर कार्की घाइते भए। घाइते सबैको कोशी अस्पतालमा उपचार भयो।

लेटाङ नगरपालिका-५ खेरुवास्थित शिक्षा विकास माध्यमिक विद्यालयमा शिक्षक ५६ वर्षीय मनोज पौडेलले २०७८ चैत ४ गते सोही विद्यालयमा अध्ययनरत १२ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको विषयलाई लिएर चैत ६ गते विद्यालयमा परिसरमा अभिभावक र विद्यार्थीले गरेको प्रदर्शनको क्रममा प्रहरीसँग झडप हुँदा उदयपुर जिल्ला त्रियुगा नगरपालिका-१६ स्थायी घर भई मोरङ प्रहरीमा कार्यरत प्रहरी जवान २६ वर्षीया उर्मिला श्रेष्ठ आन्दोलनकारीको आक्रमणबाट घाइते भइन्। उनलाई उपचारका लागि अस्पताल ल्याउने क्रममा चैत ६ गते राति बाटैमा मृत्यु भयो। शवको चैत ७ गते कोसी अस्पताल विराटनगरमा पोष्टमार्टम भयो। उदयपुरको त्रियुगा नगरपालिका- १६ स्थित त्रियुगा नदीस्थित घाटमा चैत ८ गते अन्तिम संस्कार गरेको दाजु भुवन श्रेष्ठले बताए। शव उदयपुर लानु अघि मोरङ प्रहरीले कोसी अस्पताल परिसरमा श्रेष्ठको शवलाई सलामी दियो। प्रशासनले चैत ७ गते बिहान ७ बजेदेखि लागू हुने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ क बमोजिम कर्फ्यु आदेश जारी गऱ्यो । लेटाङ नगरपालिका-३ र ४ को गङ्गेचौक र कमलपुर क्षेत्र, लेटाङ-५ को सवै क्षेत्र र उत्तरमा लेटाङ-६ को वडा कार्यालय क्षेत्र, पूर्वमा मोरङ्गे खोला क्षेत्र र पश्चिममा चिसाङ खोला क्षेत्रमा कर्फ्यु आदेश जारी गरिएको थियो। कर्फ्यु चैत १० गते जिल्ला प्रशासनको आदेशमा हटेको प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले बताए। घटनाको इन्सेकले चैत ८ गते स्थलगत अनुगमन गऱ्यो। सो घटनामा मारिएकी महिला प्रहरीमाथि धारिलो हतियार प्रहार नभई गोली प्रहारबाट मृत्यु भएको पोष्टमार्टम रिपोर्टमा देखिएको जिल्ला प्रहरी कार्यालय मोरङका एसपी शान्तिराम कोइरालाले चैत २९ गते बताए। पोष्टमार्टम रिपोर्टमा "सक प्रिजेण्ट वाई फायर आम इञ्जुरी" उल्लेख भएको एसपी कोइरालाले बताए। मृतक महिला प्रहरीको घाँटीबाट छिरेको गोली पेटसम्म पुगेको पोष्टमार्टम रिपोर्टमा देखिएको एसपी कोइरालाले बताए। चैत ६ गते स्थानीय र प्रहरीबिचको झडपका क्रममा प्रहरीले तीन ओटा हतियारबाट हवाई फायर गरेको एसपी कोइरालाले बताए। तर, नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालामा महिला प्रहरीलाई लागेको गोलीको परीक्षण गर्दा प्रहरीको हतियारबाट निस्केको गोलीसँग म्याच हुन नसकेको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ। जिल्ला सरकारी वकिलको कार्यालय मोरङका जिल्ला न्यायाधीवक्ता रामहरि शर्माले महिला प्रहरीलाई लागेको गोली प्रहरीको हतियारबाट चलेको पुष्टि नभएको चैत २९ गते बताए। हत्या घटनामा संलग्न रहेको आरोपमा प्रहरीले उर्मिलाको ज्यान जाने गरी भएको घटनामा संलग्न रहको आरोपमा प्रहरीले १५ जनाविरूद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत ०७८ चैत २९ गते जिल्ला अदालत मोरङमा कर्तव्य ज्यान शिर्षकमा मुद्दा दर्ता गरेको जिल्ला न्यायधिवक्ता रामहरि शर्माले बताए। मुद्दा दर्ता गरिएकाहरूमा मोरङ मिक्लाजुङ गाउँपालिका-२ का २४ वर्षीय कृष्ण विश्वकर्मा, लेटाङ नगरपालिका-५ का १९ वर्षीय डम्बर कार्की, लेटाङ-५ धरान चोकका २७ वर्षीय

विशेष मगर, लेटाङ नगरपालिका-५ बुधवारेका २० वर्षीय सन्तोष कुँबर,लेटाङ नगरपालिका-५ मजुवा टोलका ३२ वर्षीय कुमारबहादुर खोक्रेल, लेटाङ नगरपालिका-५ राई टोलका १८ वर्षीय कपिल नेपाली, लेटाङ नगरपालिका-५ का २० वर्षीय समिर राई, लेटाङ नगरपालिका-५ खेरुवाका २५ वर्षीय मनकुमार महरा, लेटाङ नगरपालिका-५ खेरुवाका १९ वर्षीय अनिल विश्वकर्मा, लेटाङ नगरपालिका-५ बुधबारेका २९ वर्षीय लेखबहादुर मगर, लेटाङ नगरपालिका-५ का २० वर्षीय रविन तामाङ, लेटाङ नगरपालिका-५ सूर्यटोलका १८ वर्षीय वसन्त राई, लेटाङ नगरपालिका-५ कमरबोटेका ३३ वर्षीय जितबहादुर श्रेष्ठ, लेटाङ नगरपालिका- ५ किराँत चोकका १९ वर्षीय निशा पुलामी मगर, लेटाङ नगरपालिका-५ भीमा चोकका २० वर्षीय देवराज कार्की छन्। हाल मुद्दा कानुनी प्रक्रियामा छ। कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरिएका सबैलाई प्रहरीले लेटाङ नगरपालिका-५ खेरुवास्थित शिक्षा विकास माध्यमिक विद्यालय परिसरबाट चैत ६ गते गिरफ्तार गरेको थियो।

लेटाङ नगरपालिका -५ खेरुवा स्थित शिक्षा विकास माध्यामिक विद्यायका ५६ वर्षीय शिक्षक मनोज पौडेलले सोही विद्यालयमा अध्ययनरत १२ वर्षीय बालिकालाई ०७८ चैत ४ गते यौन दुर्व्यवहार गरेको विषयलाई लिएर चैत ६ गते विद्यालयमा विवाद उत्पन्न भयो। आरोपित शिक्षकलाई मोसो दल्न पाउनुपर्ने र त्यसपछि मात्रै प्रहरीले कार्वाही अगाडि बढाउनुपर्ने माग गर्दै विद्यालय परिसरमा आन्दोलन गरे। सो क्रममा उर्लावारी १ स्थायी घर भई शिक्षा विकास माविमा प्रधानअध्यापक पदमा कार्यरत ५० वर्षीय लक्ष्मीप्रसाद मिश्रलाई लेटाङ नगरपालिका-६ का २६ वर्षीय शुक्रे भनिने शुक्रराज लिम्बुले टाउकोमा हेलमेट प्रहारगरी घाइते बनाएको पीडितले बताए। घाइते प्रअको चैत ८ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भयो। आरोपित विरुद्ध कार्वाही अगाडि नबढाएको पीडितले बताए।

कुटपिट/घाइते

भोजपुर

षडान्नद नगरपालिका-२ कुदाकाउलेका ज्येष्ठ नागरिक ७० वर्षीय गोपीलाल राईलाई ०७८ माघ ५ गते आपसी विवादका क्रममा सोही ठाउँका ४३ वर्षीय लोकबहादुर राईले खुकुरी प्रहार गरी घाइते बनाए भन्दै पीडिल पक्षले माघ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ५ गते घरबाट गिरफ्तार गऱ्यो। घाइतेको उपचार कोशी अस्पतालमा माघ १७ गते भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा माघ ७ गते ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गेहन्द्रराज पन्तको फागुन १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

बाल अधिकार

हत्या

पाँचथर

फालेलुङ गाँउपालिका-२ का १० वर्षीय अनुस राईको ज्यावलिङ जोरपाटी माध्यमिक विद्यालयको चौरमा ०७८ फागुन १५ गते थ्रो खेल्ने क्रममा सोही ठाउँका १७ वर्षीय बालकले फ्यालेको ज्यावलिङ लागेर घाइते भएका पीडितको उपचारका क्रममा फागुन १६ गते झापाको विर्तामोडस्थित बि एण्ड सी अस्पतालमा मृत्यु भएपछि सोही विद्यालयमा कक्षा ११ मा अध्ययनरत १७ वर्षीय बालक, सोही विद्यालय ५६ वर्षीय प्रधानाध्यापक वीरेन्द्र खत्री र खेल शिक्षक ४३ वर्षीय बसन्त खत्री, सोही ठाँउका ५३ वर्षीय महेन्द्र खत्री, ५२ वर्षीय होमनाथ खत्री, ५२ वर्षीय इन्द्रबहादुर खत्री, ३२ वर्षीय सन्तोष खत्री, ३२ वर्षीय मिलन अधिकारी र ३६ वर्षीय मित्रलाल लामिछाने विरूद्ध पीडित पक्षले फागुन १६ गते जिल्ला प्रहरी कार्यालय झापामा मौखिक उजुरी दियो। प्रहरीले आरोपितहरूलाई फागुन १६ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितहरूविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत ६ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश योगेन्द्रप्रसाद शाहको चैत १२ गतेको आदेशले वीरेन्द्र खत्रीसँग ५० हजार रुपियाँ, वसन्त खत्रीसँग १ लाख रुपियाँ धरौटी माग गऱ्यो, सोही आदेशले १७ वर्षीय बालक नाबालक ठहर गरी अभिभावकको जिम्मा राख्ने आदेश दियो। अन्यलाई साधारण तारेखमा रिहा गऱ्यो। शवको पोष्टमार्टम मेची अस्पतालमा फागुन १६ गते गरियो। पीडित पक्षले फागुन १६ गते शव बुझी फागुन १७ गते फालेलुङ गाँउपालिका-२ कटुसेमा अन्त्येष्टी गऱ्यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

बलात्कारपछि हत्या

मोरङ

लेटाङ नगरपालिका-८ की १२ वर्षीया करुणा राईको २०७८ फागुन ११ गते बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले सोही ठाउँका ६३ वर्षीय दीपक गिरीलाई फागुन १३ गते घरबाटै गिरफ्तार गऱ्यो। लेटाङ नगरपालिका-८ स्थित जाँते माध्यमिक विद्यालयमा कक्षा ६ मा अध्ययनरत करुणा राई फागुन ११ गते विद्यालय

विदा भएपछि घर फर्किने क्रममा बेपत्ता भएकी थिइन्। बालिकाको शव लेटाङ नगरपालिका- ८ स्थित लालहिरा सामुदायिक वन क्षेत्रमा खोल्सोमा फागुन १३ गते फेला परेको जिल्ला प्रहरी कार्यालयका एसपी जनार्दन जिसीले बताए। आरोपितले फागुन १३ गते लेटाङ नगरपालिका- ८ मा घर नजिक कपडा जलाएको र कपडा जलाएको ठाउँमा विद्यालय पोसाकको बेल्टको टाउको र जुत्ताको तुना फेला परेपछि आरोपितलाई गिरफ्तार गरेको एसपी जिसीले बताए। छोरी हराएको विषयमा फागुन ११ गते इलाका प्रहरी कार्यालय लेटाङमा बालिका ४२ वर्षीय बाबु अजय राईले उजुरी दिएको इलाका प्रहरी कार्यालय लेटाङका इन्स्पेक्टर रञ्जन अर्यालले बताए। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत ६ गते बलात्कार र कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जेतबहादुर खड्काको चैत ७ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम फागुन १३ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा गरियो। पीडित पक्षले सोही दिन शव बुझी लेटाङ- ८ मा धार्मिक विधि अनुसार सद्गत गरेको लेटाङ नगरपालिका- ८ का वडा सदस्य बुद्धराम राईले बताए।

सुन्दरहरैंचा नगरपालिका-७ की १८ महिने बालिका करिश्माकुमारी केवटलाई ०७८ फागुन २७ गते अपहरण पश्चात सामूहिक बलात्कारपछि हत्या गरेको आरोपमा पीडित पक्षले सुन्दरहरैंचा नगरपालिका-७ का २५ वर्षीय अजय चौधरी र उनका २८ वर्षीय दाजु मिथुन चौधरीविरूद्ध फागुन २८ गते इलाका प्रहरी कार्यालय बेलवारीमा उजुरी दियो। आरोपितद्वयलाई प्रहरीले फागुन २८ गते सुन्दरहरैंचा नगरपालिका-७ बाट गिरफ्तार गरी फागुन २९ गते सार्वजनिक गऱ्यो। फागुन २७ गते साँझ आँगनमा खेलिरहेकी बालिकालाई अपहरण गरी घरदेखि डेढसय मिटर टाढा गछिया खोलाको झाडीमा लगि बलात्कार पश्चात वियरको वोतल र ढुङ्गाले हिर्काएर अचेत अवस्थामा छाडेका थिए। बालिकाको उपचारको क्रममा फागुन २७ गते राती विराटनगर स्थित नोवेल मेडिकल अस्पतालमा मृत्यु भएको पीडितका ३४ वर्षीय बाबु राजकुमार केवटले बताए। सो घटनाका विषयमा चैत १ गते इन्सेकले स्थलगत अनुगमन गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत २१ बलात्कार र कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको चैत २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित परिवारलाई न्यायमा पहुँचका लागि इन्सेकले आर्थिक सहयोग गऱ्यो। शवको पोष्टमार्टम फागुन २८ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा गरियो। सोही दिन पीडित पक्षले शव बुझी सुन्दरहरैंचा नगरपालिका-७ स्थित घाटमा अन्तिम संस्कार गऱ्यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी-मार्च २०२२)

बलात्कार	३१
यौन दुर्व्यवहार	३७
जम्मा	५८

बलात्कार, यौन दुर्व्यवहार

ताप्लेजुङ

चार वर्षीय बालकलाई ०७८ चैत १ गते बलात्कार गरेको आरोपमा १५ वर्षीय बालकविरूद्ध पीडित पक्षले चैत २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत २ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश राउतको चैत २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि बाल सुधार गृह विराटनगर पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सङ्खुवासभा

१६ वर्षीया बालिकालाई ०७८ चैत ५ गते सामूहिक बलात्कार गरेको आरोपमा खाँदबारी नगरपालिका-१ का २६ वर्षीय गोविन्द विक र २५ वर्षीय सविन दर्जी भोजपुर, षडानन्द नगरपालिका-१२ का स्थायी घर भई खाँदबारी नगरपालिका-९ का २१ वर्षीय धनराज विकविरूद्ध पीडित पक्षले चैत ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत १० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितमध्येका गोविन्द र सविनलाई चैत १० गते खाँदबारीबाट र धनराजलाई चैत १२ गते तुम्लिङटारबाट गिरफ्तार गरेको

इन्स्पेक्टर जीवन गौतमले बताए। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत १५ गते सामूहिक बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शान्तिप्रसाद आर्चायको चैत २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ

सोलुखुम्बु

१३ वर्षीया बालिकालाई ०७८ माघ २९ गते बलात्कार गरेको आरोपमा माप्यदुधकोशी गाउँपालिका-७ का १९ वर्षीय आङफुर्वा शेर्पाविरूद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन ५ गते घरैबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन २७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश सन्तोषप्रसाद पराजुलीको फागुन २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०७८ माघ १ गते बलात्कार गरेको आरोपमा ओखलढुङ्गा जिल्ला मोलुङ गाउँपालिका-२ रामुपुरका २८ वर्षीय एकराज राम्तेलविरूद्ध पीडित पक्षले माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १७ गते जिल्ला अस्पतालमा भयो आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ १७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। इन्सेकले घटनामा चैत १६ गते गरेको अनुगमनका क्रममा आरोपितलाई गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो।

११ वर्षीया बालिकालाई ०७८ चैत ७ गते यौन दुर्व्यवहार गरेको आरोपमा भारतको दार्जेलिङ स्थायी घर भइ नेचासल्यान गाउँपालिका-२ मा सञ्चालित सल्यान स्टार बोर्डिङ स्कुलमा कार्यरत ३९ वर्षीय शिक्षक अमित सुब्बाविरुद्ध पीडित पक्षले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ७ गते जिल्ला अस्पतालमा भयो प्रहरीले आरोपितलाई सोही दिन डेराबाटै गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत १४ गते बाल यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधीश सन्तोषप्रसाद पराजुलीको चैत १४ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा पठायो।। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

९ वर्षीया बालिकालाई ०७८ पुस २१ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले ३३ वर्षीय बाबुविरूद्ध पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २४ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सन्तोषप्रसाद पराजुलीको माघ २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते जिल्ला अस्पतालमा भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

ओखलढुङ्गा

आठ वर्षीया बालिकालाई ०७८ पुस २५ गते बलात्कार गरेको आरोपमा चिशंखुगढी गाउँपालिका-८ का १४ वर्षीय बालकविरूद्ध पीडित पक्षले माघ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २ गते भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा ०७८ माघ २० गते बलात्कार शीर्षकमा मुद्दा गर्दा गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको माघ २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि बाल सुधारगृह विराटनगर पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०७८ फागुन १५ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरूद्ध पीडित पक्षले फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २५ गते भयो। प्रहरीले आरोपितलाई चैत ४ गते हिँडिरहेको अवस्थामा सिद्धिचरण नगरपालिका-११ रामबजारबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको चैत २३ गतेले आदेशले आरोपितलाई पुर्पक्षका लागि बाल सुधारगृह विराटनगर पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

खोटाङ

१६ वर्षीया बालिकालाई ०७८ पुस २५ गते यौन

दुर्व्यवहार गरेको आरोपमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-७ चिउरीडाँडाका ३२ वर्षीय प्रकाश तामाङविरूद्ध पीडित पक्षले माघ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते जिल्ला अस्पतलामा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ ३ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मात्रिकाप्रसाद आचार्यको माघ २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०७८ पुस २९ गते गते यौन दुर्व्यवहार गरेको आरोपमा रावावेशी गाउँपालिका-२ खार्पाका ३१ वर्षीय किशोर बस्नेतविरूद्ध पीडित पक्षले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस ३० गते जिल्ला अस्पतलामा भयो। प्रहरीले आरोपितलाई माघ १ गते उदयपुरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ १३ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाशीश मात्रिकाप्रसाद आचार्यको माघ २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

भोजपुर

सात वर्षीया बालिकालाई २०७८ पुस २१ गते बलत्कार गरेको आरोपमा मोरङ जिल्ला कानेपोखरी गाउँपालिका-२ का ३४ वर्षीय धनबहादुर विष्टविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २५ गते षडानन्द नगरपालिकाबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्लामा पुस २४ गते भयो। प्रहरीले अरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा पुस २५ गते बलात्कार शीर्षकमा मुद्दा गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गेहेन्द्रराज पन्तको माघ १२ को आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई २०७८ माघ १४ गते बलात्कार गरेको आरोपमा रामप्रसादराई गाउँपालिका-३ भुल्केका २७ वर्षीय पदम दर्जीविरूद्ध पीडित पक्षले माघ १६ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १६ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १६ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातका न्यायाधीश गेहेन्द्रराज पन्तको फागुन १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको श्रेस्तेदार नवराज कार्कीले बताए। हाल मुद्दा कानुनी प्रक्रिया छ।

धनकुटा

१२ वर्षीया बालिकालाई ०७८ फागुन २६ गते बलात्कार गरेको आरोपमा धनकुटा नगरपालिका-४ ठोकाका ३२ वर्षीय उमेश राईविरूद्ध पीडित पक्षले फागुन २७ जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २८ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश फडिन्द्र प्रसाद पराजुलीको चैत १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०७८ माघ २९ गते बलात्कार गरेको आरोपमा पाखिबास नगरपालिका-२ सान्नेका ५२ वर्षीय चन्द्रबहादुर बरुवालविरुद्ध पीडित पक्षले माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन १ गते घरैबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन ७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍या। जिल्ला अदालतका न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीको इजलासले चैत १७ गते पेशी तोकेको छ। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

तेह्रथुम

१५ वर्षीया बालिकालाई ०७८ पुस १७ गते सामूहिक बलात्कार गरेको आरोपमा आठराई गाउँपालिका-१ चुहानडाँडाका २१ वर्षीय शिशिर लिम्बू र झापा जिल्ला अर्जुनधारा नगरपालिका-७ का २७ वर्षीय अशोक घिमिरेविरूद्ध पीडित पक्षले पुस १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितहरूलाई पुस १९ गते आठराई गाउँपालिका-१ बाट गिरफ्तार गऱ्यो। जिल्ला सरकारी वकिल कार्यालय मार्फत् गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला

अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको माघ २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। न्यायाधीश पोखरेलको चैत ६ गतेको इजलासले कसुर गरेको ठहर गर्दै १२ वर्ष ५ महिना, जनही २५ हजार रुपियाँ जरिबाना र सामूहिक बलात्कार मुद्दामा थप नौ महिना कैद सजायको फैसला गरेको अदालतका श्रेस्तेदार पारसमणि पोखरेलले बताए।

१७ वर्षीया बालिकालाई ०७८ चैत १ गते यौन दुर्व्यवहार गरेको आरोपमा म्याङलुङ नगरपालिका- १ का २४ वर्षीय राजेन्द्र लिम्बूविरूद्ध पीडित पक्षले चैत २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत २ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई चैत २ गते म्याङलुङ नगरपालिका-१ बाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २१ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरलेको चैत २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०७८ चैत १० गते बलात्कार गरेको आरोपमा सुनसरी जिल्ला, इटहरी उपमहानगरपालिका-४ का २४ वर्षीय सन्तोष कटुवालविरूद्ध पीडित पक्षले चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ११ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई चैत ११ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको चैत २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

पाँचथर

१७ वर्षीया बालिकालाई ०७८ फागुन २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा कुम्मायक गाउँपालिका-५ का ३९ वर्षीय केदार थापाविरूद्ध पीडित पक्षले फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २८ गते भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १० जिल्ला अदालतमा बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश योगेन्द्रप्रसाद शाहको चैत १० गतेको इजलासले आरोपितसँग ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर तारेखमा रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

आठ वर्षीया बालिकालाई ०७८ फागुन २९ गते यौन दुर्व्यवहार गरेको आरोपमा हिलिहाङ गाउँपालिका-६ का ६५ वर्षीय बुद्धि लावतीविरूद्ध पीडित पक्षले चैत २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत २ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। आरोति विरामी भएपछि चैत ५ गते गरिएको स्वास्थ्य परीक्षणका क्रममा सरूवा रोग देखिएपछि सोही परिवारको जिम्मा लगाएको मुद्दा फाँटका असई युवराज दाहालले बताए। सरूवा रोग विसेक भएपछि प्रहरीमा बुझाउने शर्तमा परिवारको जिम्मा लगाएको दाहालले बताए। बिरामी निको भएर प्रहरीमा आएपछि मात्र कानुनी कारबाही अघि बढ्ने असइ दाहालले बताए। मुद्दामा इन्सेकले चैत १५ गते अनुगमनका क्रममा मुद्दा अनुसन्धानमै रहेको छ।

इलाम

११ वर्षीया बालिकालाई ०७८ माघ ६ गते बलात्कार गरेको आरोपमा सूर्योदय नगरपालिका-१३ लक्ष्मीपूरका ३४ वर्षीय नाताले काका पर्ने महेश लिम्बूविरूद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालय ईलाममा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ७ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा ०७८ माघ २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द इङनामको माघ २९ गते आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०७८ माघ २६ गते यौन दुर्व्यवहार गरेको आरोपमा माईजोगमाइ गाँउपालिका-१ मलुमजुवाका ३० वर्षीय दलबहादुर राईविरूद्ध पीडित पक्षले माघ २७ गते जिल्ला प्रहरी कार्यालय ईलाममा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ २७ गत जिल्ला अस्पतालमो भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र इ नामको फागुन २० गते आदेशले आरोपितलाई ५० हजार रुपियाँ धरौटी माग भयो। सोही दिन आरोपित

धरौटी बुझाएर रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सात वर्षीया बालिकालाई ०७८ फागुन १० गते यौन दुर्व्यवहार गरेको आरोपमा देउमाई नगरपालिका-८ का ३९ वर्षीय हर्कबीर भनिने चेतबहादुर राईविरुद्ध पीडित पक्षले ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ११ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन ३० गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द इङनामको फागुन ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

झापा

१२ वर्षीया बालिकालाई ०७८ पुस २० गते बलात्कार गरेको आरोपमा इलाम जिल्ला माडसेबुङ गाउँपालिका-१ का ३१ वर्षीय उन्नतदिप्त राईविरुद्ध पीडित पक्षले पुस २१ गते इलाका प्रहरी कार्यालय अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २१ गते मेची अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा ०७८ माघ १५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इन्दिरा शर्माको माघ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०७८ पुस १८ गते बलात्कार गरेको आरोपमा कमल गाउँपालिका-२ का ५९ वर्षीय नारायण श्रष्ठविरुद्ध पीडित पक्षले पुस १९ गते इलाका प्रहरी कार्यालय दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफतार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ १३ गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश विनोद खतिवडाको ०७८ माघ २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०७८ पुस १९ गते यौन दुर्व्यवहार गरेको आरोपमा विर्तामोड नगरपालिका-१ का २९ वर्षीय देउकुमार राईविरुद्ध पीडित पक्षले पुस २० गते इलाका प्रहरी कार्यालय दमकमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २० गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफतार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा ०७८ माघ ४ गते जबरजस्ती यौन दुर्व्यहारमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधिश नारायणप्रसाद पराजुलीको ०७८ माघ ११ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

१५ वर्षीया बालिकालाई ०७८ पुस १९ गते यौन दुर्व्यवहार गरेको आरोपमा ३३ वर्षीय सौतेनी बाबुविरुद्ध पीडित पक्षले पुस २० गते इलाका प्रहरी कार्यालय दमकमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २० गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफतार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा ०७८ माघ ४ गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधिश इन्दिरा शर्माको ०७८ माघ २० गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

१७ वर्षीया बालिकालाई ०७८ पुस २६ गते यौन दुर्व्यवहार गरेको आरोपमा दमक नगरपालिका-३ का ४० वर्षीय उपेन्द्र धिमालविरुद्ध पीडित पक्षले पुस २९ गते इलाका प्रहरी कार्यालय अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफतार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २६ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा ०७८ माघ .२४..गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधिश विनोद खतिवडाको ०७८ माघ २७ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

१६ वर्षीया बालिकालाई ०७८ पुस २८ गते बलात्कार गरेको आरोपमा कचनकवल गाउँपालिका-६ का २२ वर्षीय बाबुल राजवंशी विरुद्ध पीडित पक्षले माघ ११ गते जिल्ला प्रहरी कार्यालय झापामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ११ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। घटना लगतै फरार रहेका आरोपित यस महिनाको अन्त्यसम्म गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

५ वर्षीया बालिकालाई ०७८ माघ १२ गते बलात्कार गरेको आरोपमा सर्लाही जिल्ला बरथवा नगरपालिका-२ घर भई विर्तामोड नगरपालिका-२ डेरा गरी बस्ने ३८ वर्षीय गांगाबहादुर रैका मगर विरुद्ध पीडित पक्षले माघ १३ गते इलाका प्रहरी कार्यालय अनारमनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते

मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई सोही दिन डेराबाट गिरफतार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा ०७८ फागुन २ गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधिश नारायणप्रसाद पराजुलीको ०७८ फागुन ५ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

१३ वर्षीया बालिकालाई ०७८ माघ ८ गते बलात्कार गरेको आरोपमा ३८ वर्षीय बाबु विरुद्ध पीडित पक्षले माघ १० गते इलाका प्रहरी कार्यालय दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफतार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १० गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा ०७८ माघ १८ गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधिश दिलकुमार वर्देवा ०७८ फागुन १ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

१४ वर्षीया बालिकालाई ०७८ पुस २९ गते यौन दुव्यहार गरेको आरोपमा मेचीनगर नपा-९ का ३८ वर्षीय नरबहादुर कार्की विरुद्ध पीडित पक्षले माघ २ गते इलाका प्रहरी कार्यालय धुलाबारी उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन डेराबाट गिरफतार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा ०७८ माघ १७ गते यौन दुर्व्यहार शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधिश विनोद खतिडाको ०७८ माघ २७ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

१५ वर्षीया बालिकालाई ०७८ फागुन १७ गते बलात्कार गरेको आरोपमा भद्ररपुर नगरपालिका-४ का १९ वर्षीय रमेश माबो लिम्बुविरुद्ध पीडित पक्षले फागुन २० गते जिल्ला प्रहरी कार्यालय झापामा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफतार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २० गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत १ गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधिश टिकाराम आचार्यको फागुन १७ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

१३ वर्षीया छोरीलाई ०७८ माघ २५ गते बलात्कार गरेको आरोपमा ४१ वर्षीय बाबु विरुद्ध पीडित पक्षले फागुन ५ गते इलाका प्रहरी कार्यालय अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन डेराबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ५ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन ११ गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधिश दिलकुमार वर्देवाको फागुन २५ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

१६ वर्षीया बालिकालाई ०७८ फागुन २६ गते बलात्कार गरेको आरोपमा पाँचथर जिल्ला रानीटार गाउँपालिका-२ घर भई विर्तामोड नगरपालिका-४ का २० वर्षीय हर्कबहादुर धमलाविरुद्ध पीडित पक्षले फागुन २९ गते इलाका प्रहरी कार्यालय अनारमनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २९ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई सोही दिन डेराबाट गिरफतार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत्र २२ गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश इन्दिरा शर्माको फागुन २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

१६ वर्षीया बालिकालाई ०७८ फागुन २९ गते आरोपितको बलात्कार गरेको आरोपर्मा शिवसताक्षी नपा-२ का २२ वर्षीय सुवास राईविरुद्ध पीडित पक्षले फागुन ३० गते इलाका प्रहरी कार्यालय दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफतार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत १७ गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधिश इन्दिरा शर्माको चैत १८ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। पीडितको स्वास्थ्य परीक्षण फागुन ३० गते मेची अञ्चल अस्पताल भद्रपुरमा गरियो। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

१७ वर्षीया बालिकालाई ०७८ फागुन १२ गते बलात्कार गरेको आरोपमा बुद्धशान्ति गापा-२ का २५ वर्षीय रोहित शिवाविरुद्ध पीडित पक्षले फागुन २२ गते इलाका प्रहरी कार्यालय धुलाबारीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते मेची अञ्चल

अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत १३ गते गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधिश दिलकुमार वर्देवाको चैत १४ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

१५ वर्षीया बालिकालाई ०७८ फागुन १८ गते बलात्कार गरेको आरोपमा गौरीगञ्ज गाउँपालिका-२ का २४ वर्षीय देवकुमार राजवंशी र सोही ठाउँका २२ वर्षीय प्रमोद राजवंशीविरुद्ध पीडित पक्षले फागुन १९ गते इलाका प्रहरी कार्यालय गौरीगंजमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १९ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफतार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधिश गिरीराज गौतमको चैत १२ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

४ वर्षीया बालिकालाई ०७८ माघ १३ गते यौन दुर्व्यवहार गरेको आरोपमा १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन १८ गते इलाका प्रहरी कार्यालय अनारमनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १८ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। उजुरी लगतै फरार रहेका आरोपितलाई प्रहरीले गिरफ्तार गर्न नसकेको जिल्ला प्रहरी कार्यालयका एसपी विश्वमणि पोखरेलले बताए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

५ वर्षीया बालिकालाई ०७८ फागुन १४ गते यौन दुर्व्यवहार गरेको आरोपमा विर्तामोड नपा-६ का २४ वर्षीय कुशल रिजालविरुद्ध पीडित पक्षले फागुन २० गते इलाका प्रहरी कार्यालय अनारमनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २० गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। उजुरी लगतै फरार रहेका आरोपितलाई प्रहरीले गिरफ्तार गर्न नसकेको जिल्ला प्रहरी कार्यालयका एसपी विश्वमणि पोखरेलले बताए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

मोरङ

४ वर्षीय बालिकलाई २०७८ चैत २४ गते यौन दुर्व्यवहार गरेको आरोपमा मिक्लाजुङ गाउँपालिका-८ का ७३ वर्षीय चन्द्रबहादुर भण्डारी विरुद्ध पीडित पक्षले चैत २५ गते इलाका प्रहरी कार्यालय मधुमल्लामा उजुरी दियो। पीडितको स्वास्थ्य परिक्षण चैत २५ गते कोशी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई सोहि दिन घरबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख ११ गते यौन दुर्व्यबहार शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दुर्गा खड्काको ०७९ वैशाख १९ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा गए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०७८ चैत ८ गते बलात्कार गरेको आरोपमासुनवर्षी नगरपालिका-७ बरड ाका ३२ वर्षीय सुरेन्द्र ऋषिदेवविरूद्ध पीडित पक्षले चैत १३ गते इलाका प्रहरी कार्यालय रङ्गेलीमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १४ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत २४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कपिलमणि गौतमको चैत ३० गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा गए। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा चैत १४ गते गरियो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१० वर्षीया बालिकालाई ०७८ पुस २९ गते यौन दुर्व्यवहार गरेको आरोपमा बुढीगङ्गा गाउँपालिका-१ का ५१ वर्षीय शिव कोइरालाविरूद्ध पीडित पक्षले माघ २ इलाका प्रहरी कार्यालय नेमुवामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २९ गते कोशी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ २ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ ४ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मनोज केसीको माघ २८ गतेको इजलासले आरोपितसँग ६५ हजार रुपियाँ धरौटी माग गरेकोमा सोही दिन धरौटी बुझाएर तारिखमा रिहा भएको अदालतका श्रेस्तेदार मनकुमार दहालले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०७८ माघ १९ गते बलात्कार गरेको आरोपमासुन्दरहरैंचा नगरपालिका-५ बाँसवारीका ५३ वर्षीय रामदेव चौधरीविरूद्ध पीडित पक्षले माघ १९ गते इलाका प्रहरी कार्यालय बेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले घरबाटै माघ २१ . गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन ३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुर्दशन लामिछानेको फागुन २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुना पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा माघ २१ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सुनसरी

१६ वर्षीया बालिकालाई ०७८ पुस १७ गते यौन दुर्व्यवहार गरेको आरोपमा इनरूवा नगरपालिका-४ का २४ वर्षीय पङ्कज चौधरीविरूद्ध पीडित पक्षले पुस १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस १८ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई पुस १८ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ ११ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुवाशबाबु पराजुलीको माघ १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०७८ पुस १९ गते बलात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-५ का २१ वर्षीय मुकेश पासवानविरूद्ध पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय इटहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते इटहरी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हेमबहादुर सेनको माघ १५ गतेको इजलासले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। धरौटी बुझाउन नसकेर आरोपित सोही दिन पुर्पक्षका लागि थुनामा गए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सात वर्षीया बालिकालाई ०७८ पुस १७ गते बलात्कार गरेको आरोपमा धरान उपमहानगरपालिका-१८ का २१ वर्षीय किशोर भनिने प्रेम राईविरूद्ध पीडित पक्षले पुस १७ गते इलाका प्रहरी कार्यालय धरानमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपामा भयो। प्रहरीले आरोपितलाई पुस २५ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको माघ २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०७८ पुस २३ गते अपहरण गरी भारततफै लैजाने प्रयास गरेको आरोपमा भारतीय नागरिक २४ वर्षीय नितिश चौधरीविरूद्ध सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २३ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले सोही दिन इनरूवाबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा माघ १८ गते बेचविखन प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुवासबाबु पराजुलीको माघ १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०७८ पुस २१ गते बलात्कार गरेको आरोपमा सिराहा जिल्ला, गोलबजार नगरपालिका-४ का २४ वर्षीय अनिल विकविरूद्ध पुस २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २३ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले पुस २३ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुवासबाबु पराजुलीको माघ २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सात वर्षीया बालिकालाई ०७८ माघ १ गते बलात्कार गरेको आरोपमा बराहक्षेत्र नगरपालिका-१ का २१ वर्षीय भरत विश्वकर्माविरूद्ध पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ३ गते जिल्ला अस्पतालमा गरियो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको माघ २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०७८ माघ १३ गते यौन दुर्व्यवहार गरेको आरोपमा मोरङ जिल्ला ग्रामथान गाउँपालिका-४ का ६४ वर्षीय फुलचरण खाँविरूद्ध पीडित पक्षले माघ १३ गते इलाका प्रहरी कार्यालय दुहवीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ १४ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १० गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामचन्द्र खड्काको फागुन १ गतेको इजलासले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। सोही दिन धरौटी बुझाएर आरोपित रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सात वर्षीया बालिकालाई ०७८ पुस १७ गते बलात्कार गरेको आरोपमा रामधुनी नगरपालिका-३ का २४ वर्षीय विश्वमणि आचार्यविरूद्ध पीडित पक्षले माघ २९ गते इलाका प्रहरी कार्यालय पकलीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन २० गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश निर्मला योङयाको चैत २ गते आदेशले आरोपितलाई पुर्पक्षका लागि थुना पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०७८ फागुन ९ गते बलात्कार गरेको आरोपमा बर्जु गाउँपालिका-४ अमडुवाका २४ वर्षीय अर्जुन गुरुङविरूद्ध पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय दुहवीमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामचन्द्र खड्काको फागुन ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा फागुन १० गते गरियो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०७८ चैत ८ गते यौन दुर्व्यवहार गरेको आरोपमा गढी गाउँपालिका-२ भमरीका १६ र १७ वर्षीय बालकविरूद्ध पीडित पक्षले चैत ९ गते इलाका प्रहरी कार्यालय दुहवीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ९ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितहरूलाई चैत ९ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत १० गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कैलाशप्रसाद सुवेदीको चैत १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका बाल सुधार गृह विराटनगर पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

उदयपुर

१३ वर्षीया बालिकालाई २०७८ माघ १ गते यौन दुर्व्यवहार गरेको आरोपमा बेलका नगरपालिका-८ मैनामैनीका ४७ वर्षीय प्रेमकुमार राईविरूद्ध पीडित पक्षले माघ २ गते इलाका प्रहरी कार्यालय बेलकामा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ३ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते जिल्ला अस्पतालमा भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २१ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपक खनाललको फागुन २० गतेको इजलासले ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। सोही दिन आरोपित धरौटी बुझाएर तारेखमा रिहा भएको अदालतका श्रेस्तेदार धनबहादुर कार्कीले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

११ वर्षीया भजितीलाई २०७८ फागुन ३ गते बलात्कार गरेको आरोपमा २१ वर्षीय काकाविरूद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ५ गते भयो। प्रहरीले आरोपितलाई फागुन ४ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा ०७८ फागुन २६ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपक खनालको इजलाशले आरोपितलाई फागुन २७ गते पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०७८ फागुन १३ गते बलात्कार गरेको आरोपमा बेलका नगरपालिका-५ मैनीका १८ वर्षीय सुशान्त मगरविरूद्ध पीडित पक्षले फागुन १४ गते इलाका प्रहरी कार्यालय बेलकामा उजुरी दियो। इलाका प्रहरी कार्यालय कोक्सिला र लालबजारबाट खटिएको प्रहरीले टोलीले आरोपितलाई फागुन १४ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उत्तम सिलवालको इजलाशले चैत ९ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते जिल्ला अस्पतालमा गरियो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

नौ वर्षीया बालिकालाई ०७८ फागुन २७ गते बलात्कार गरेको आरोपमा बेलका नगरपालिका-५ घुम्नेका ४५ वर्षीय गणेश खत्रीविरूद्ध पीडित पक्षले फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितविरूद्ध चैत १ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २८ गते बेलका अस्पतालमा भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपक खनालको चैत २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

मानव बेचबिखन तथा ओसारप्रसार

झापा

२० वर्षीया महिलालाई ०७७ फागुन १३ गते मेचीनगर नपा-६ काँकरभिट्टाबाट भारत लैजाने प्रयास गरी बेचबिखन तथा ओसारपसार गर्ने प्रयास गरेको आरोपमा भारत दार्जिलिङ्ग बस्ने २७ वर्षीय विप्लव मण्डलविरुद्ध पीडित पक्षले माघ १४ गते इलाका प्रहरी कार्यालय काँकरभिट्टा दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन २ गते मानव बेचबिखन शीर्षकमा मुद्दा दर्ता गरी कानुनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधीश टिकाराम आचार्यको फागुन १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

ताप्लेजुङ

३८ वर्षीया महिलालाई ०७८ चैत ९ बलात्कार गरेको आरोपमा पीडित पक्षले फक्ताङलुङ गाउँपालिका-३ लिङ्खिमका ५४ वर्षीय छोराविरूद्ध चैत १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला सरकारी वकिल कार्यालय मार्फत् पीडित पक्षले ३८ वर्षीया सौतेनी कान्छी आमालाई बलात्कार गरेको आरोपमाउजुरी परेको जिल्ला प्रहरी कार्यालयका डिएसपी कैलाश राईले बताए। प्रहरीले आरोपितलाई चैत ११ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश राउतको चैत ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

५२ वर्षीया महिलालाई ०७८ चैत १७ गते बलात्कार गरेको आरोपमा मिक्वाखोला गाउँपालिका-३ लिवाङका ४० वर्षीय कुलबहादुर लिम्बुविरूद्ध पीडित पक्षले चैत २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत २२ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा ०७९ वैशाख १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश राउतको वैशाख १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षमा राख्न आदेश दियो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सङ्खुवासभा

शारिरीक अपा ता भएकी २५ वर्षीया महिलालाई २०७८ पुस ३० गते बलात्कार गरेको आरोपमा धर्मदेवी नगरपालिका-४ का ४३ वर्षीय केदारनाथ घिमिरे विरुद्ध पीडित पक्षले माघ १ गते इलाका प्रहरी कार्यालय चैनपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ४ गते धर्मदेवी नगरपालिका-३ मुढेबाट गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय चैनपुरका इन्स्पेक्टर योगराज खतिवडाले बताए। पीडितको स्वास्थ्य परीक्षण प्राथमिक स्वास्थ्य केन्द्रमा माघ ४ गते भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २६ गते जिल्ला अदालतमा बलात्कार शिर्षकमा मुद्दामा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश शान्तिप्रसाद आर्चायको माघ २७ गते को इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सोलखुम्बु

२० वर्षीया महिलालाई ०७८ माघ २९ गते बलात्कार गरेको आरोपमा माप्यदुधकोशी गाउँपालिका-४ का २९ वर्षीय ज्ञानबहादुर नेपालीविरूद्ध पीडित पक्षले फागुन १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन १ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन २२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सन्तोषप्रसाद पराजुलीको फागुन २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१८ वर्षीया युवतीलाई ०७८ फागुन ११ गते यौन दुर्व्यवहार गरेको आरोपमा महाकुलुङ गाउँपालिका-१ का २४ वर्षीय भिमबहादुर विश्वकर्माविरूद्ध पीडित पक्षले फागुन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरैबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन २६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश सन्तोषप्रसाद पराजुलीको फागुन २६ गतेको आदेशले ७५ हजार रुपियाँ धरौटी माग गऱ्यो। धरौटी बुझाउन नसकेर आरोपित सोही दिन पुर्पक्षका लागि थुनामा गए। पीडितको

स्वास्थ्य परीक्षण फागुन १२ गते जिल्ला अस्पतालमा भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

ओखलढुङ्गा

३१ वर्षीया महिलालाई ०७८ माघ २ गते बलात्कार गरेको आरोपमा लिखु गाउँपालिका-९ का ३२ वर्षीय प्रदीपहरी अधिकारीविरूद्ध पीडित पक्षले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ९ गते भयो। प्रहरीले आरोपितलाई फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा आँफै उपस्थित हुन आएकोमा सोही दिन गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको चैत १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

खोटाङ

१८ वर्षीया युवतीलाई ०७८ चैत २९ गते बलात्कार बलात्कार प्रयास गरेको आरोपमा सिन्धुपाल्चोक जिल्ला घर भई दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१३ नुनथलास्थित बहुप्राविधिक शिक्षालयमा प्रिन्सिपल पदमा कार्यरत ३२ वर्षीय इन्द्रप्रसाद आचार्यविरूद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ३० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई सोही दिन बहुप्राविधिक शिक्षालयबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा ०७९ वैशाख २२ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मात्रिकाप्रसाद आचार्यको ०७९ जेठ ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि पठायो।

भोजपुर

४९ वर्षीया महिलालाई २०७८ माघ २८ गते बलात्कार गरेको आरोपमा षडानन्द नगरपालिका-४ मुलपानीका ३७ वर्षीय टेकबहादुर विकविरूद्ध पीडित पक्षले माघ २९ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २९ गते षडानन्द नगरपालिकाबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १ गते बलत्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गेहेन्द्रराज पन्तको फागुन २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको श्रेस्तेदार नवराज कार्कीले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतामा माघ २९ गते गरियो।

महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी-मार्च २०२२)



धनकुटा

२० वर्षीया महिलालाई ०७८ माघ २ गते बलात्कार गरेको आरोपमा धनकुटा नगरपालिका-९ बेलाहाराका २४ वर्षीय गोपी बस्नेतविरुद्ध पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ३ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ३ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ ७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीको इजलासमा माघ २३ गते र चैत १७ गते पेशी भएको छ। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२१ वर्षीया महिलालाई ०७८ माघ ३ गते बलात्कार गरेको आरोपमा छथर जोरपाटी गाउँपालिका-५ परेवादिनका २५ वर्षीय मिलन लिम्बूविरुद्ध पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो।

प्रहरीले आरोपितलाई माघ ५ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परिक्षण माघ ५ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ १० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीको इजलासमा माघ २३ गते र चैत १६ गते पेशी भएको छ। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२५ वर्षीया महिलालाई ०७८ माघ २५ गते बलात्कार गरेको आरोपमा धनकुटा नगरपालिका-८ सान्ताङका ३० वर्षीय युरेश राईविरूद्ध पीडित पक्षले माघ २६ गते जिल्ला प्रहरी दियो। प्रहरीले आरोपितलाई माघ २६ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २६ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन ३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीको इजलासमा फागुन १६ गते र चैत २४ गते पेशी भएको छ। मुद्दा कानुनी प्रक्रियामा छ।

२१ वर्षीया महिलालाई ०७८ माघ २६ गते बलात्कार गरेको आरोपमा संखुवासभा जिल्ला मादी नगरपालिका-३ का २५ वर्षीय चन्द्र देवानविरूद्ध पीडित पक्षले माघ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २७ गते पाखिबास नगरपालिका-८ बाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २८ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन ८ गते बलात्कार शीर्षकमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालतका न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीको इजलासमा फागुन १६ गते पेशी भएको छ। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

तेह्रथुम

५० वर्षीया महिलालाई ०७८ पुस २४ गते बलात्कार गरेको आरोपमा लालीगुराँस नगरपालिका-६ सुङनाम चुहानडाँडाका १५ वर्षीय बालकविरूद्ध पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २५ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ १६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको माघ २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि बाल सुधारगृह विराटनगर पठायो। पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते जिल्ला अस्पतालमा भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३० वर्षीया महिलालाई ०७८ चैत २२ गते बलात्कार प्रयास गरेको आरोपमा फेदाप गाउँपालिका-४ का २६ वर्षीय रिदम लिम्बूविरूद्ध पीडित पक्षले चैत २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २२ गते जिल्ला अस्पतालमो भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत ३० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको ०७९ वैशाख ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

पाँचथर

५० वर्षीया महिला ०७८ माघ ८ गते बैवाहिक बलात्कार गरेको आरोपमा पतिविरुद्ध पीडितले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ९ गते भयो प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २० गते वैवाहिक बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश योगेन्द्रप्रसाद शाहको माघ २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

इलाम

२६ वर्षीया महिलालाई ०७८ माघ ८ गते बलात्कार गरेको आरोपमा चुलाचुली गाउँपालिका-६ का २७ वर्षीय हरिनन्द राईविरूद्ध पीडित पक्षले माघ २० गते जिल्ला प्रहरी कार्यालय ईलाममा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा ०७८ माघ चैत १६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द इङनामको ०७८ चैत १७ गते आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२१ वर्षीया महिलालाई विवाह गर्ने प्रलोभनमा ०७८ फागुन १७ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले झापा, भद्रपुर नगरपालिका-६ का २२ वर्षीय विवेक

राजवंशीविरूद्ध सोही फागुन २२ गते जिल्ला प्रहरी कार्यालय इलाममा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २३ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र इ नामको चैत २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २२ गते गरियो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

झापा

३८ वर्षीया महिलालाई ०७८ पुस १८ गते बलात्कार गरेको आरोपमा बुद्धशान्ति गाउँपालिका-४ का ३२ वर्षीय विजय राईविरुद्ध पीडित पक्षले पुस २७ गते इलाका प्रहरी कार्यालय धुलाबारीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २७ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफतार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा ०७८ माघ ..११.गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधीश शङ्करबहादुर राईको. माघ २७ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

२४ वर्षीया महिलालाई ०७८ पुस १९ गते बलात्कार प्रयास गरेको आरोपमा विर्तामोड नपा-१ का २४ वर्षीय इन्द्रजि आचार्यविरुद्ध पीडित पक्षले पुस २१ गते इलाका प्रहरी कार्यालय अनारमनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफतार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा ०७८ माघ ९ गते जबरजस्ती करणी उद्योग शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधिश टिकाराम आर्चायको ०७८ माघ २५ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

२४ वर्षीया महिलालाई ०७८ फागुन १ गते बलात्कार गरेको आरोपमा शिवसताक्षी नगरपालिका-१० का २४ वर्षीय निकेश दाहालविरूद्ध पीडित पक्षले फागुन २ गते इलाका प्रहरी कार्यालय झिलझिलेमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २ गते मेची अस्पतालमा भयो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिलकुमार बर्देवाको फागुन ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रिया छ।

मोरङ

३१ वर्षीया महिलालाई ०७८ माघ ७ गते सुन्दरहरैंचा नगरपालिका-४ बलियास्थित श्रेष्ठ होटल एण्ड फेमिलि लजमा पुऱ्याएर सामूहिक बलात्कार गरेको आरोपमासुन्दररहैंचा नगरपालिका-४ का ३६ वर्षीय अर्जुन भनिने हिमबहादुर श्रेष्ठ, २५ वर्षीय सुरज भनिने मनोज श्रेष्ठ र झापा, मेचीनगर नगरपालिका-३ का २५ वर्षीय रामबहादुर नेपाली भनिने सुधांशु दर्जीविरूद्ध पीडित पक्षले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितमध्ये हिमबहादुर र मनोज श्रेष्ठलाई माघ ८ गते कोशी अस्पताल परिसरबाट र सुधांशुलाई इलाम जिल्ला सूर्योदय नगरपालिका-१२ तीनघरे क्षेत्रबाट माघ ११ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी मञ्जिल मुकारुङले बताए। पीडित पक्षले घटनामा संलग्न रहेको आरोपमा सुन्दररहैंचा नगरपालिका-४ का ३६ वर्षीय अर्जुन भनिने हिमबहादुर श्रेष्ठ, अर्जुनका भाइ २५ वर्षीय सुरज भनिने मनोज श्रेष्ठ र झापा घर भनिएका रामबहादुर नेपालीविरूद्ध माघ ९ गते इलाका प्रहरी कार्यालय बेलवारीमा उजुरी दियो। घटनाका आरोपित र पीडित पक्षलाई इन्सेकले माघ १० गते कोशी अस्पतालमा भेटी घटनाको अनुगमन गऱ्यो। पीडित परिवारलाई इन्सेकले आर्थिक सहयोग समेत गऱ्यो। सुनसरीको इटहरीबाट मोरङको गछियास्थित बहिनीको घरतर्फ गइरहेको अवस्थामा पीडित ०७८ माघ ७ गते सुन्दरहरैंचा नगरपालिका-४ स्थित बलिया चोकमा सार्वजनिक यातायातबाट पीडित ओर्लिएपछि आरोपित सुधांशुले प्रदेश २-०१-००१ च २२७ नम्वरको गाडीमा राखी होटलसम्म पुऱ्याएको प्रहरीले जनायो। पीडितलाई गाडीमा बसाएर बेलवारी क्षेत्रको ज लसम्म पुऱ्याएर पुन: सुन्दरहरैंचा नगरपालिका-४ स्थित श्रेष्ठ होटल एण्ड फेमिली लजमा ल्याएर सामूहिक बलात्कार गरिएको अनुसन्धानका क्रममा खुलेको प्रहरीले जनायो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन ४ गते सामूहिक बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको फागुन ४ गतेको आदेशले आरोपितहरू पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका मोरङका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले बताए। पीडितको स्वास्थ्य तथा उपचार माघ ८ गते कोशी अस्पतालमा गरिएको डाक्टर रिभा केसीले बताइन्। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सुनसरी

४३ वर्षीया महिलालाई ०७८ पुस १९ गते बलात्कार गरेको आरोपमा भारतीय प्रहरी सुपौल जिल्ला घर भएका ४५ वर्षीय मिथलेश सिंहविरूद्ध पीडित पक्षले पुस २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै..बाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नरेन्द्रकुमार कार्कीले बताए। पीडितको स्वास्थ्य परीक्षण पुस १९ जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ ३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार दाहालको माघ ४ गते आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३४ वर्षीया महिलालाई ०७८ पुस २२ गते बलात्कार गरेको आरोपमा बराहक्षेत्र नगरपालिका- ९ का ३५ वर्षीय सञ्जय चन्द्रवंशीविरूद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश श्रेष्ठको माघ २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते जिल्ला अस्पतालमा गरियो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

परिवारजनबाट हत्या

सोलुखुम्बु

नेचा सल्यान गाउँपालिका-२ भुजेल गाउँकी २५ वर्षीया लीला राईलाई मादक पदार्थ सेवन गरी ०७८ चैत ८ गते घरायसी विवादमा कुटपिट गरी हत्या गरेको आरोपमा ३५ वर्षीय पति गुनराज राईविरुद्ध पीडित पक्षले चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरैबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा चैत २१ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सन्तोषप्रसाद पराजुलीको चैत २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा चैत ९ गते गरियो। पीडित पक्षले सोही दिन शव बुझी सोलु दूधकुण्ड नगरपालिका-४ स्थित फाप्लु ज लमा सद्गत गऱ्यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

माप्य दूधकोशी गाउँपालिका-४ की ३७ वर्षीया मनिला राईलाई मादक पदार्थ सेवन गरी ०७८ चैत १६ गते घरायसी विवादमा खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा पति ३७ वर्षीय चन्द्र राईविरूद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घटनास्थलबाटै गिरफ्तार गऱ्यो। घटनाका विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा चैत १७ गते गरियो। सोही दिन पीडित पक्षले शव बुझी सोलु दूधकुण्ड नगरपालिका-४ स्थित फाप्लु जङ्गलमा सद्गत गऱ्यो।

पाँचथर

फाल्गुनन्द गाँउपालिका-३ की ३९ वर्षीया निशा थेबेलाई घरायसी विवाद क्रममा ०७८ चैत ३ गते कुटपिटपछी घाँटीमा थिची हत्या गरेको आरोपमा पीडित पक्षले पति ३५ वर्षीय दिलिप नेम्बाङविरूद्ध चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत २४ कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश योगेन्द्रप्रसाद शाहको चैत २४ गतको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा चैत ५ गते गरियो। सोही दिन पीडित पक्षले शव बुझी फाल्गुनन्द गाँउपालिका-३ स्थित खोलामा सद्गत गऱ्यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

झापा

भद्रपुर नपा-१ लाहुरे टोलकी ३८ वर्षीया अनिता लिम्बुलाई ०७८ फागुन १ गते मोबाइल बिगारेको निहुँमा धारिलो हतियार चक्कु प्रहार गरी हत्या आरोपमा पति ३४ अमरबहादुर तामा विरुद्ध पीडित पक्षले फागुन २ गते जिल्ला प्रहरी कार्यालय झापामा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १८ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरी कानूनी कारवाही अगाडि बढायो। जिल्ला अदालतका न्यायाधीश शङ्करबहादुर राईको फागुन १९ गतेको आदेशमा आरोपित पुर्पक्षका थुनामा गए। शवको पोष्टमार्टम फागुन २ गते मेची अञ्चल अस्पताल भद्रपुर झापामा भयो। फागुन २ गते पीडित पक्षले शव बुझी भद्रपुर नगरपालिका-१ मेची खोलामा सद्गत गऱ्यो। यस महिनाको अन्त्यसम्म मुद्दाको फैसला हुन सकेन।

मोरङ

पथरी शनिश्चिरे नगरपालिका-२ की १९ वर्षीया पुजा विकलाई मादक पदार्थ सेवन गरी ०७८ पुस २९ गते हत्या गरेको आरोपमा प्रहरीले सोही दिन ३३ वर्षीय पति जय शर्मालाई घरबाटै गिरफ्तार गऱ्यो। घरायसी विवादका क्रममा पतिको कुटपिटबाट घाइते भएकी पीडितको उपचारका लागि विराटनगरस्थित नोवेल अस्पताल लैजाने क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मञ्जिल मुकारुङले बताए। आरोपितविरूद्ध पीडित पक्षले पुस ३० गते इलाका प्रहरी कार्यालय पथरीमा उजुरी दियो। आरोपितविरूद्ध प्रहरी प्रहरीले जिल्ला अदलतमा माघ १३ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका मनोज केसीको माघ २४ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा गए। शवको पोष्टमार्टम कोशी अस्पतालमा पुस ३० गते गरियो। पीडित पक्षले पुस ३० गते शव बुझी पथरी शनिश्चरे नगरपालिका-२ मा सद्गत गऱ्यो। हाल मुद्दाको कानुनी प्रक्रियामा छ।

पथरी शनिश्चरे नगरपालिका-२ जामचोककी ९० वर्षीया जगमाया श्रेष्ठको ०७८ माघ १२ गते घाँटी थिचि हत्या गरेको आरोपमा प्रहरीले ४८ वर्षीय कान्छा छोरा कमल श्रेष्ठलाई माघ १७ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितले बाबुको नाममा रहेको १५ कठ्ठा नौ धुर जग्गा पत्नीलाई पास परिवारका सदस्यले थाहा नपाइ पास गरिदिएपछि आमा र छोराबीच माघ १२ गते विवाद भएको थियो। आमाको घाँटी थिचेर हत्या गरेपछि आरोपितले शवलाई प्लाष्टिकमा पोको पारेर घरभन्दा झण्डै दुई किलोमिटर टाढा पथरी शनिश्चरे नगरपालिका-२ स्थित हरियाली सामुदायिक वनमा रहेको गुरुङ समुदायको घाटमा माघ १२ गते शव जलाएको अनुसन्धानका क्रममा खुलेको डिएसपी खड्काले बताए। माघ १४ गते आमा हराएको निवेदन आरोपित आफैले इलाका प्रहरी कार्यालय पथरीमा दिएको डिएसपी खड्काले बताए। आमा हराएको निवेदन प्रहरीमा परेपछि परिवारका अन्य सदस्यलाई सोधपुछ गरेपछि आमा छोराको विवाद थाहा पाएको र सोही अनुसार आरोपितलाई माघ १७ गते घरबाट गिरफ्तार गरेको प्रहरीले जनायो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १३ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश किशोर घिमिरेको फागुन १५ गते आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सुनसरी

भोक्राहा नरसिंह गाउँपालिका-१ की ३० वर्षीया चन्द्रकला उराँवलाई घरायसी विवादका क्रममा ०७८ माघ ७ गते खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा पति ३० वर्षीय लालुप्रसाद उरावविरूद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा माघ १७ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको माघ १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा माघ ८ गते भयो। पीडित पक्षले माघ ९ गते शव बुझी सोही दिन भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित सुनसरी खोलामा सद्गत गऱ्यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

अमानवीय व्यवहार

मोरङ

रंगेली नगरपालिका-९ की ३९ वर्षीया महिलालाई 'बोक्सी' आरोप लगाएको आरोपमा सोही ठाउँका ५३ वर्षीय श्यामप्रसाद सिंह गनगाई, ३९ वर्षीया प्रेमीदेवी गनगाई, ६४ वर्षीय देवी गनगाई, ३९ वर्षीया प्रेमीदेवी गनगाई, ६४ वर्षीय देवीप्रसाद गनगाई, ३५ वषीया बवितादेवी सिंह, ५८ वर्षीय रामप्रसाद गनगाई, ६७ वर्षीय हिलो गनगाई र ४६ वर्षीय गंगादेवी सिंह गनगाई विरुद्ध पीडित पक्षले जिल्ला अदालत मोरङमा फागुन १७ गते मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधिश किशोर घिमिरेको २०७८ फागुन १३ गते को इजलासले श्यामप्रसाद सिंहसँग १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर तारेखमा रिहा भए। न्यायाधिश इश्वर पराजुलीको २०७८ चैत १० गतेको इजलासले रामप्रसाद सिंह गनगाई र गंगादेवी सिंह गनगाईसँग जनही १ लाख रुपैयाँ धरौटी माग गऱ्यो। आरोपित दुवैले सोही दिन धरौटी बुझाएर तारेखमा रिहा भए। जिल्ला अदालतका न्यायधिश शिशिरराज ढकालको २०७८ चैत १० गतेको इजलासले प्रेमीदेवी सिंह गनगाई, ववविता सिंह गनगाई र हिलोदेवी सिंह गनगाईसँग जनही ५० हजार रुपैयाँ धरौटी माग गऱ्यो। आरोपीत सबैले सोहि दिन धरौटी बुझाएर तारेखमा रिहा भए। न्यायधिश इश्वर पराजुलीको २०७८ चैत २५ गतेको इजलासले देवीप्रसाद सिंह गनगाईसँग ७५ हजार रुपैयाँ धरौटी माग गऱ्यो। आरोपीत सोहिदिन धरौटी बुझाएर रिहा भएको अदालतका सुचना अधिकारी हेमबहादुर बुढाथोकीले बताए। हाल मुद्धा कानुनी प्रकृयामा छ।

रङ्गेली नगरपालिका-२ बवियाविर्ताकी ६८ वर्षीया मनितादेवी साहलाई ०७८ माघ १६ गते 'बोक्सी' आरोपमा कुटपिट गरेको भन्दै पीडित पक्षले ३० वर्षीया रिङ्कीदेवी शाहविरूद्ध माघ १७ गते इलाका प्रहरी कार्यालय रङ्गेलीमा उजुरी दियो। आरोपितलाई सोही दिन गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय रङ्गेलीका इन्स्पेक्टर अनमोल खड्काले बताए। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ १८ गते बोक्सी आरोप शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका ईश्वर पराजुलीको माघ २० इजलासले आरोपितसँग १ लाख रुपियाँ धरौटी माग गऱ्यो। सोही दिन आरोपित धरौटी बुझाएर तारेख रिहा भए। कुटपिटबाट चोट लागेकी वृद्धाको माघ १७ गतेदेखि माघ २० गतेसम्म उपचार गराएको पीडितका छोरा शिवकुमार साहले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
प्रदेश १ द्वारा प्रकाशित
सल्लाहकार : सोमराज थापा, **संयोजन/सम्पादन** : पुण्यप्रसाद अधिकारी, **व्यवस्थापक** : भुवन राजवंशी
बिराटनगर महानगरपालिका–११ जनपथटोल, मोरङ, फोन : ०२१–४७१०२५, ४७११२७, याक्स : ०२१–४७१५२१
Email: biratnagar@insec.org.np, Website: www.inseconline.org